# रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रंगेली, मोरङ
१ नं प्रदेश, मोरङ्ग नेपाल

**Computing Machinery Equipment खरिद गरि सप्लाईको लागि शिलबन्धी दरभाउपत्र आह्वान गरिएको सूचना**

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०८/०७)*

यस रंगेली नगरपालिका कार्यालयका लागि शिलबन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गरि सप्लाई गर्नु पर्ने भएकोले ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीले आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाणपत्र (आ.व.२०७७।०७८ सम्म नविकरण गरिएको), स्थायी लेखा (प्यान) दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र (०७७।०७८ वा म्याद थप भएको) लगायतका कागजातहरुको प्रतिलिपी सँलग्न गरी निम्न शर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशित भएको **मितिले १६ औ दिनको १२ बजेसम्म** नगरकार्यपालिकाको कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दर्ता भएको प्रस्तावहरु सोही दिन अपरान्ह २.०० बजे पछि खोलिने छ ।

तपसिल

| सि.नं. | सामानको विवरण | ल.ई. रकम मु.अ.कर. बाहेक | धरौटी रकम | दरभाउ-पत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| एन.सि.बी./रंगेली/गुडस/११/०७८/७९ | Computing Machinery Equipment | १०६१९४७ | २६५४९ | रु.१००० | |

**शर्तहरुः**

१. दरभाउ पत्र खरीद गर्ने र दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा विक्रि गर्ने र दर्ता गर्ने कार्य गरिनेछ ।

२. दरभाउ पत्र दाताले आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । केरमेट भएको खण्डमा अक्षरलाई मान्यता दिईनेछ ।

३. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ अनुसार रित नपुगेका र समयमा दर्ता नभएका प्रस्तावहरु उपर कुनै कारवाही गरिने छैन । बोलपत्रमा उल्लेख भएका सामानहरुको परिमाण कार्यालयको आवश्यकता अनुसार थपघट गर्न सकिनेछ ।

४. दरभाउ पत्र दाताले फारम दस्तुरको रकम रंगेली नगरपालिकाको नाममा कृषि विकास बैंकमा रहेको **राजश्व खाता नं. ग(१.१)-** ०६०१४०११५०२५७०११ मा जम्मा गरेको भौचर सँलग्न गरी पेश गर्नुपर्नेछ ।

५.बोलपत्रदाताले धरौटी वापतको रकम रंगेली नगरपालिकाको नाममा कृषि विकास बैंकमा रहेको **धरौटी खाता नं.** ०६०१४०११५०२५७०७९ मा जम्मा गरेको भौचर वा दरभाउ पत्र दर्ता गर्ने अन्तिम दिन देखि १२ बजे दिन मान्य अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी (१ वर्ष सम्म ) सँलग्न गरी प्रस्ताव साथ पेश गर्नुपर्नेछ ।

६. सामानहरुको मूल्य मु.अ.कर. बाहेक भर्नुपर्नेछ ।

७. दरभाउ पत्र पेश गर्दा कार्यालयले तोकेको समयभित्र बुझाउनुपर्नेछ ।

८. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

९. थप अन्य जानकारीको लागि रंगेली न.पा को कार्यालय वा **Website: Www.rangelimun.gov.np**मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत